स मा धा न
समाधान मिडिया प्रा.लि.

एउटै पढे पुग्छ
# समाधान
samadhannews.com राष्ट्रिय दैनिक

समाधान राष्ट्रिय दैनिक नियमित नआएमा
९८५६०-८३९००
ग्राहक बन्नु परेमा




**तमु धीं नेपालले मंगलबार पोखरामा आयोजना गरेको कार्यक्रममा घाँटु नाँच प्रदर्शन गर्दै कलाकार।** *तस्बिर: युनिश गुरुङ (युवराज)/समाधान*

## छनोट तालिका सार्वजनिक

**समाधान संवाददाता**
पोखरा, ३१ साउन

प्रदेश खेलकुद परिषद् गण्डकीले आगामी मंसिरमा हुने नवौं राष्ट्रिय खेलकुदका लागि प्रदेश छनोटको तालिका सार्वजनिक गरेको छ । परिषद्ले मंगलबार छनोटसहित बन्द प्रशिक्षणका लागि कार्यतालिका सार्वजनिक गरेको हो ।

११ वटै जिल्लाका खेलकुद विकास समिति अध्यक्ष र कार्यालय प्रमुखसँग छलफलपछि कार्यतालिका सार्वजनिक गरिएको परिषदका सदस्य तथा प्रतियोगिताका संयोजक खगेन्द्र क्षेत्रीले जानकारी दिए । खेललाई २ चरणमा विभाजन गरी खेलाडी छनोट गरिने संयोजक क्षेत्रीले बताए । 'हामीले पहिलो चरणमा १४ वटा खेललाई विशेष प्रशिक्षणसहित सोझै छनोट गर्छौं,' उनले भने, '२२ वटा खेलको जिल्ला छनोटको तयारी गरेका छौं ।'

पहिलो चरणमा भदौ ३ गतेबाट १४ वटा खेलको विशेष प्रशिक्षणसहित खेलाडी छनोट प्रतियोगिता कास्की, नवलपुर, स्याङ्जा र बागलुङमा सञ्चालन हुने क्षेत्रीले बताए । २० दिनका लागि तय गरिएको विशेष प्रशिक्षणमा सफ्ट टेनिस, टेनिस, स्क्वास, खो-खो, हक्की, फेन्सिङ, स्विमिङ, ट्राइयाथलन, साइक्लिङ, महिला ह्यान्डबल, महिला बास्केटबल, महिला फुटबल, महिला क्रिकेट, प्याराग्लाइडिङ, गल्फ, कुस्ती, सुटिङ र आर्चरी खेल समावेश छन् । विशेष प्रशिक्षणबाट आवश्यक खेलाडी छनोट गरिने परिषदले जनाएको छ ।

अन्य २२ खेलका लागि जिल्ला छनोट प्रतियोगिता भदौ ९ देखि १२ गतेसम्म सञ्चालन हुने तालिका छ । विशेष प्रशिक्षण र जिल्ला छनोटपछि पोखरामा भदौ १५ देखि १८ गतेसम्म अन्तिम छनोट खेल सञ्चालन हुने संयोजक क्षेत्रीले जानकारी दिए । अन्तिम छनोट खेलमा २२ खेलका ३ हजारभन्दा बढी खेलाडीले सहभागिता जनाउने आयोजकले जनाएको छ । भदौ १५ गते कार्यक्रम गर्दै प्रदेश छनोटलाई 'स्टेट गेम्स'को रुपमा 'ब्रान्डिङ' गरी अगाडि बढाइने परिषद्ले जनाएको छ ।

गण्डकी प्रदेशबाट ३८ खेलमा ७ सयभन्दा बढी खेलाडीले सहभागिता जनाउने छन् भने छनोट भएका खेलाडीलाई भदौ २६ देखि असोज २६ गतेसम्म आवासीय सुविधासहित बन्द प्रशिक्षणमा राख्ने तयारी भएको छ । ३९ वर्षपछि आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकुद हुँदै छ । प्रतियोगितामा ३६ र २ प्रदर्शनी खेल गरी ३८ खेलका करिब ८ हजार खेलाडी पोखरा आउने छन् ।

## पोखरामा राष्ट्रपतिका २ दिन

पोखरा, ३१ साउन (समाधान)- राष्ट्रपति विद्यादेवी भण्डारी पोखराको २ दिने भ्रमण सकेर काठमाडौं फर्किएकी छन् । सोमबार मध्यान्ह पोखरा आएकी राष्ट्रपति भण्डारीको भ्रमण विभिन्न भेटघाटदेखि मन्दिर दर्शनसम्म रह्यो । सोमबार विभिन्न भेटघाटमा बिताएकी भण्डारी मंगलबार पोखरामा व्यस्त रहिन् । उनले पूर्वनिर्धारित कार्यक्रमअनुसार बिहान साढे ८ मा विन्ध्यवासिनी मन्दिरको दर्शन गरिन् ।

केहि समयको आरामपछि साढे ११ बजे पोखरा महानगरपालिका १६ बाटुलेचौरस्थित विन्ध्यवासिनी माविको हीरक जयन्ती समापन समारोहमा सहभागी भइन् । कार्यक्रममा सहभागी भई राष्ट्रपति भण्डारीले विद्यालयका नवनिर्मित भवन उद्घाटन गरिन् । राष्ट्रपति भण्डारीले मंगलबार नै गुरूङ समुदायले ट्होटें पर्वको अवसरमा आयोजना गरेको कार्यक्रममा सहभागी भइन् ।

दिउँसो तमु धिं नेपालले ट्होटें पर्वको अवसरमा आयोजना गरेको कार्यक्रममा सहभागी भइन् । सो कार्यक्रम सकिएलगत्तै दिउँसो ४ बजे राष्ट्रपति भण्डारी पोखरा विमानस्थलमार्फत काठमाडौं फर्किइन् ।

## वर्षमा १ खर्ब रेमिट्यान्स

काठमाडौं, ३१ साउन (समाधान)- आर्थिक वर्ष २०७८/७९ मा विप्रेषण (रेमिट्यान्स) आप्रवाह गत वर्षको तुलनामा ४.८ प्रतिशतले बढेको छ । आव २०७८/७९ को १२ महिनामा विप्रेषण आप्रवाह ४.८ प्रतिशतले वृद्धि भएर १ खर्ब ७ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.२ प्रतिशतले वृद्धि भई ८ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ८.२ प्रतिशतले बढेको थियो ।

१ वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भइ ३ लाख ५४ हजार ६ सय ६० पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ६२.८ प्रतिशतले घटेको थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा १ सय ९८.५ प्रतिशतले वृद्धि भएर २ लाख ८२ हजार ४ सय ५३ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ४६.८ प्रतिशतले घटेको थियो ।

# ट्होटेंको रौनक

**समाधान संवाददाता**
पोखरा, ३१ साउन

जातीय पोसाक–भांग्रा र कछाड लगाएका पुरुष । छिट्को गुन्यु र चोलीमा सजिएका महिला । विभिन्न रङ पोतिएका अनुहार । मंगलबार पोखराका सडकमा त्यस्तो भावभंगीमा निस्किएकाहरुको ठूलो ताँती देखियो । गण्डकी प्रदेशको एउटा प्रमुख जाति गुरुङको विशेष पर्व ट्होटेंको अवसर जो थियो ।

पोसाकमात्रै नभएर गुरुङ जातिको परम्परागत घरहरु, जीवनशैली झल्कने झाँकी पनि सडकमा देखिए । ट्होटें गुरुङ जातिले वर्षमा दुईपटक मनाउँछन्, चैत र साउनको अन्तिम मंगलबार । यसपालि झनै विशेष र उत्साहका साथ यो समुदायले आफ्नो मौलिक र परम्परागत पर्व मनायो । यो वर्षको उत्साहमा राष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि बनेर मौलिक पर्व ट्होटेंको रौनक बढाइन् ।

पोखराको चल्तीको व्यापारिक केन्द्र महेन्द्रपुलमा गण्डकीका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले शुभारम्भ गरेको ट्होटें र्‍याली तमु धि नेपालको केन्द्रीय कार्यालय नयाँबजारमा आएर पर्वको मूल समारोहमा परिणत भयो, जहाँ प्रमुख अतिथि राष्ट्रपति भण्डारी थिइन् । राज्यले खासै पहिचान नगरेको ट्होटेंमा यसपालि अन्नपूर्ण गाउँपालिका र पोखरा महानगरपालिकाले आफू मातहतका शैक्षिक संस्थामा विदा दिएका थिए । त्यसमाथि राष्ट्र प्रमुख नै सहभागी हुँदा गुरुङ समुदायले गर्व महसुस गर्‍यो ।




> **ट्होटें गुरुङ जातिले वर्षमा दुईपटक मनाउँछन्, चैत र साउनको अन्तिम मंगलबार**

कार्यक्रममा आफ्नो सांस्कृतिक पर्वलाई भव्य रुपमा मनाउन गण्डकी प्रदेशका विभिन्न जिल्लामा रहेका गुरुङ समुदायका मानिसहरु पनि आइपुगेका थिए । ५० भन्दा बढी तमु समाजमा आबद्ध हजारौं तमु सहभागी थिए । पोखरा र बाहिरका तमु समाजहरुको नेतृत्वमा जातीय भेषभूषामा, बाजागाजा र झाँकीसहित ट्होटें मनाइयो ।

शरीरमा खरानी घसेका । कालोमोसो दलेका र रुखको हाँगा टाँसेर धनुषकाँडा, भालालगायत विशेष हतियार लिएका मानिसहरुसँगै ढ्यांग्रो ठटाउनेहरु थिए । छेली पनि बज्दै थियो । भूत, प्रेतका चित्रजस्ता मुकुन्डो लगाइनु भूतप्रेत भगाउने सन्देश थियो । अचेल भने भ्रष्टाचार भगाउने संकेतका रुपमा त्यस्तो मुकुन्डोसहित झाँकी प्रदर्शन गरिएको तमु धिंका अध्यक्ष हुमबहादुर गुरुङले बताए ।

संस्कृतिकर्मीहरु दुश्मनहरुलाई आतंकित पार्न र आफ्नो बस्तीबाट हटाउन सकिने तथा भूत प्रेत, पिचासलाई धपाएर बस्तीलाई शान्तिपूर्ण बनाउने पर्वको रुपमा गुरुङ समुदायले यसलाई मनाउँदै आएको बताउँछन् ।

राष्ट्रपति भण्डारीले ट्होटें मूल समारोहलाई सम्बोधन गर्दै भूतप्रेत हटाउने मात्र नभई यस्ता पर्वले समाजबाट अन्धविश्वास, गरिबी र पछौटेपन पनि हटाउन भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । गण्डकी प्रदेशको खासगरी हिमाली भेग गुरुङ, भाषा र संस्कृतिको उद्गम थलो मानिने भण्डारीले उल्लेख गरिन् ।

राष्ट्रपति भण्डारीले भनिन्, 'प्राचीनकालदेखि नै यहाँको माटो, ढुंगा, वन, जंगल, कृषियोग्य जमिनमात्र होइन, नेपाली संस्कृति र गुरुङ जातिको विषेश योगदान रहेको स्मरण गर्न चाहन्छु ।' गुरुङ जातिको, भाषा, संस्कृति, रीतिरिवाज, चाडपर्व, भेषभूषाले नेपाली संस्कृतिलाई समृद्ध बनाउन ठूलो योगदान पुगेको राष्ट्रपति भण्डारीले बताइन् ।

कार्यक्रममा गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली, सभामुख नेत्रनाथ अधिकारी लगायत पनि सहभागी थिए । तमुहरुको थातथलो गण्डकी प्रदेशले यस्ता पर्व र संस्कृतिहरुको संरक्षण र प्रवर्द्धन गर्न लाग्नुपर्नेमा प्रदेश प्रमुख गुरुङले जोड दिए ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले गुरुङहरुको बाहुल्य भएको गण्डकी प्रदेशले सम्पूर्ण तमुहरुले अपनत्व गर्ने गरी सरकारले कार्यक्रम ल्याइरहेको उल्लेख गरे । तमु संघ संस्थाले विसं २०५२ देखि साउन र चैतको अन्तिम मंगलबार सामूहिक रूपमा धुमधामका साथ यो पर्व मनाउँदै आएका छन् ।

## 'मंसिर २३ सम्म जग्गा वर्गीकरण गर'

पोखरा, ३१ साउन (समाधान)- भूमि व्यवस्था मन्त्रालयले आगामी मंसिर २३ गतेभित्र स्थानीय तहलाई आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई कृषि क्षेत्र र गैरकृषि क्षेत्रमा छुट्याउन निर्देश गरी पत्राचार गरेको छ । मन्त्रालयले मंगलबार प्रेस नोट जारी गर्दै गत जेठ २७ गते गरेको परिपत्रलाई आधार बनाएर मंसिर २३ गतेभित्र वर्गीकरणको काम गर्न स्थानीय तहहरुलाई आग्रह गरेको हो ।

केही समययता केहीले जग्गालाई नियमविपरीत फरक ढंगबाट वर्ग छुट्याउने, कुनै पनि वर्ग नछुट्याउने वा जग्गाधनीलाई स्वघोषणा गर्न लगाउने वा सबैलाई एकमुष्ठ कृषि वा बसोबास क्षेत्रमा राख्ने कार्य गरिएको भन्दै मन्त्रालयले स्थानीय तहसँग असन्तुष्टि पोखेको छ । सो काम कानुनी व्यवस्था विपरीत भएको भन्दै त्यसो नगर्न मन्त्रालयले आग्रह गरेको छ ।

'नापी विभागले ७ सय ५३ वटै स्थानीय तहको भू-उपयोग नक्सा, सोको विद्युतीय अभिलेख वा तथ्यांक तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ । स्थानीय तहद्वारा सो नक्सा तथा डेटाको प्रयोग गरेर वा त्यसलाई अद्यावधिक गरी भू-उपयोग क्षेत्र छुट्याउन सकिनेछ । यसका लागि स्थानीय तहलाई प्राविधिक सहयोग आवश्यक भएमा नापी विभागसँग सम्पर्क राख्न सकिनेछ,' प्रेस नोटमा उल्लेख छ ।

## 'संघीयता राखौं, प्रदेश हटाऔं'



पोखरा, ३१ साउन (समाधान)- राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलाई देशलाई बन्धक बनाउने पार्टी र नेतृत्व परिवर्तन गर्न चुनाव उपयोग गर्नुपर्ने बताएका छन् ।

'आउँदो चुनावलाई हामीले सधैं आउने चुनाव जस्तो एउटा नेता छान्न र फेर्ने अवसरका रुपमा मात्र होइन, देशलाई लामो समयदेखि बन्धक बनाएर राख्ने दल र तिनका नेताबाट मुलुकलाई मुक्त गर्ने अवसरका रुपमा हामीले उपयोग गर्नुपर्छ,' लिङ्देनले भने ।

देशलाई संकट र चक्रब्यूहबाट मुक्त गर्न राप्रपालाई मतदान गर्नुपर्ने उनले बताए । अध्यक्ष लिङ्देनले सरकारलाई कर तिर्न पनि घूस खुवाउनुपर्ने अवस्था आएको बताए । 'देशभित्र हाम्रा उद्योगी, व्यवापारीले कर तिर्न पनि घूस खुवाउनुपर्ने स्थित छ, त्यसलाई अन्त्य गरेर हाम्रै जीवनकालमा नेपाललाई समुन्नत बनाउनुपर्ने छ,' उनले भने, 'हाम्रा भाइ, छोरालाई यही देशमा गरी खाने वातावण बनाउनुपर्छ ।'

लिङ्देनले अहिलेको व्यवस्थालाई संघीय व्यवस्था भने पनि प्रदेश सरकार खारेज हुनुपर्ने आफ्नो धारणा रहेको बताए । 'नाम संघीयता राख्न हामीलाई आपत्ति छैन, तर प्रदेश खारेज हुनुपर्छ,' उनले भने, 'अहिले ३ तहका सरकार देशले धान्न सक्दैन, हामीले ऋण काढेर जनप्रतिनिधि पालेका छौं ।'

पोखरामा मंगलबार आयोजित राप्रपा कास्की क्षेत्र नम्बर १ को कार्यालय उद्घाटनमा लिङ्देनले निर्वाचन प्रणाली महँगो भएको बताए ।

# मुस्ताङी आलु ब्रान्डिङ गर्दै पालिका

### ब्रान्डिङ र प्याकेजिङ नहुँदा उपभोक्ता ठगिने तथ्यलाई मध्यनजर गरी घरपझोङले आलु ब्रान्डिङ गर्ने योजना ल्याएको छ

**सुन्दरकुमार थकाली**
जोमसोम, ३१ साउन

मुस्ताङ कृषि उत्पादनको प्रबल सम्भावना भएको जिल्ला हो । मुस्ताङी स्याउ, फापर, उवा, काँडे मकै र आलुको माग स्वदेश तथा विदेशमा निकै छ । समुन्द्री सतहको २५ सय मिटर भन्दा माथि उत्पादन हुने मुस्ताङको अर्गानिक उत्पादन स्वादिलो र पोसिलो मानिन्छ ।

सहर बजारका खाद्य तथा फलफूल पारखी मुस्ताङमा उत्पादित सामग्री भनेपछि हुरुक्कै हुन्छन् । चिसो हावापानीमा उत्पादित यहाँको कृषि उत्पादन हिउँले सिञ्चित हुन्छ । मुस्ताङमा जति पनि कृषि उत्पादन हुन्छ, त्यो मुस्ताङको हो कि होइन भन्ने पहिचान गर्न उपभोक्तालाई अझै कठिन छ । मुस्ताङी उत्पादनको ब्रानिडङ र प्याकेजिङ नहुँदा सहर बजारमा व्यापारीले मुस्ताङको नाम बेचेर अन्य स्थानका कृषि उत्पादन बिक्री गरी फाइदा लिएको पाइन्छ ।

मुस्ताङको घरपझोङ गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० का लागि ५ वटै वडामा उत्पादन हुने आलुको ब्रान्डिङ तथा प्याकेजिङ गर्न थालेको छ । घरपझोङमा उत्पादित स्वादिलो आलुको चिनारी दिने सन्देशसहित पालिकाले चालु आर्थिक वर्ष १० हजार थान आलु प्याकेजिङ गर्ने बोरा कृषकलाई ७५ प्रतिशत अनुदानमा वितरण गर्न थालेको कृषि अधिकृत रोशन थकालीले जानकारी दिए । घरपझोङलाई आलु जोनका रुपमा विकास गर्ने र सहरबजारका पारखीलाई पालिका क्षेत्रको उत्पादन हो भन्ने चिनारी दिइने थकालीले बताए ।



घरपझोङले गाउँसभाबाट आलु प्याकेजिङ बोरा अनुदानमा वितरण गर्ने कायक्रम स्वीकृत गरी आलु प्याकेजिङ बोरा वितरण अभियानलाई प्राथमिकता दिएको कृषि अधिकृत थकालीको भनाइ छ । 'हामीले पालिकाको उत्पादन हो भन्ने सन्देशसहित आलु प्याकेजिङ बोरा वितरण गर्न थालेका हौं । यसले स्थानीय कृषक र व्यापारीलाई समेत फाइदा पुऱ्याउनेछ,' कृषि अधिकृत थकालीले भने, 'पहिला कृषकको माग संकलन गर्‍यौं, त्सपछि वडा स्तरबाट बोरा बाड्न थालेका छौं ।'

चालु आर्थिक वर्षमा घरपझोङले ५ वटै वडाका ३ सय ६३ घरधुरी कृषकलाई पालिकाको लेबल लगाइएको १० हजार थान आलु प्याकेजिङ बोरा वितरण गर्ने कार्यक्रम छ । बोरामा मुस्ताङको लोकल आलु लखिएको छ । अनुदानमा उपलब्ध गराइने प्याकेजिङ बोरामा ३० केजी आलु अटाउँछ ।

स्याउ, फापर, उवा, काँडे मकै जस्तै मुस्ताङी आलुको डिमान्ड पनि उत्तिकै छ । मुस्ताङमा दुई प्रकारको आलु उत्पादन हुने गर्छ । मुस्ताङमा विकासे आलु मंसिर महिनामा खेतबारीमा रोपेर जेठ महिनामा खनिन्छ भने स्थानीय जातको आलु फागुन/चैत महिनामा रोपेर साउन/भदौमा खेतबाट निकाल्छ । मुस्ताङमा उत्पादित विकासे आलुभन्दा स्थानीय जातको लोकल आलुको माग बढी छ ।

नेपालका ७७ वटै जिल्लामा आलु उत्पादन हुने भए पनि हिमाली जिल्लामा उत्पादन हुने आलुको क्रेज बेग्लै छ । हरेक तरकारीसँग सहजै मिलाएर खाने मिल्ने आलुलाई तरकारी र उसिनेर पनि खाइन्छ ।

मुस्ताङको ५ वटै स्थानीय तहमा आलु फल्छ । मुस्ताङमा आलु खेती स्याउ बगैचाभित्र लगाएर कृषकले दोहोरो फाइदा लिने गर्छन् । आलु उत्पादन गरेर मुस्ताङीले बर्सेनि लाखौं आम्दानी गर्ने गरेका छन् । मुस्ताङको अन्न भण्डारको रुपमा चिनिने थासाङको कुञ्जोमा सबैभन्दा बढी आलु उत्पादन हुन्छ । यसका अलावा थासाङको टुकुचे, कोवाङ, सौरु आदि स्थानमा पनि आलु लगाइन्छ । जिल्लाको घरपझोङ, वारागुङ मुक्तिक्षेत्रका विभिन्न स्थानमा पनि व्यवसायिक रुपमा आलु खेती गर्ने गरिन्छ । आलु किन्न जिल्ला बाहिरका व्यापारी मुस्ताङमै आउने गरेका छन् ।

## सम्पादकीय

# संक्रमणको जोखिम फेरि बढ्यो

नेपालमा कोभिड १९को संक्रमण दर बढेसँगै चौथो लहरमा प्रवेश गरेको अनुमान गरिएपनि सरकारी स्तरबाट औपचारिक रुपमा घोषणा भएको छैन । संक्रमणको जोखिम बढेसँगै जनस्वास्थ्यका विज्ञहरुले चौथो चरण आउन सक्ने आंकलन गरी आवश्यक तयार अपनाउन सुझाएका छन् ।


कोभिड १९को सक्रिय संक्रमित र दैनिक संक्रमण दर बढेपछि रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य निकाय, स्थानीय प्रशासन, गण्डकी प्रदेश सरकार आवश्यक तयारीमा जुटेका छन् । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो २४ घण्टाको अवधीमा कास्कीमा ४४ सहित १सय ३ जनामा संक्रमण पुष्टि भएको छ । यो पुष्टि भएकासँगै गण्डकीमा कोभिड १९ संक्रमितको संख्या १ लाख ३ हजार ७ सय ९६ पुगेको छ । प्रदेशमा ६ सय ३ सक्रिय संक्रमित छन् । नेपालमा पछिल्लो २४ घण्टाको अवधीमा ८ सय ४८ जना संक्रमित भएका छन् । भने १ जनाको ज्यान गएको छ । अहिले देश भरीमा ५ हजार २ सय ५८ सक्रिय संक्रमित छन् । नेपालको सन्दर्भमा गत असार महिना यता कोभिड १९को संक्रमण दर तिब्र रुपमा बढेको छ । पछिल्ला अवधिमा १७ प्रतिशतको दरले कोभिडको संक्रमण दर बढेको पाइएको छ । आवश्यक पूर्व तयारी सबै उमेर समुहका नागरिकलाई खोपको व्यवस्था नगरे कोभिडको संक्रमण दर अझ बढ्ने देखिएका छ । स्वास्थ्य संस्था, अस्पतालहरूलाई उच्च सतकर्ता अपनाउन र उपचार व्यवस्थापन जुट्न पर्ने अवस्था आएको छ । नेपालमा पछिल्लो समयमा ओमिक्रोन कोरोनाभाइरसको नयाँ उपप्रकार (सब-भेरिअन्ट) पनि फेला परेको छ । ओमिक्रोन बीए फाइभ भेरिअन्टको नयाँ उपप्रकार बीएफ वन नेपालमा पनि देखा परेको हो । बीएफ वन ओमिक्रोन बीए फाइफ भन्दा झन्डै ३५ प्रतिशत बढी सक्रामक हुन्छ । विश्व स्वास्थ्य संगठनले बीएफ वनसहितका ओमिक्रोनका अन्य प्रकारहरूलाई भेरिअन्ट अफ कन्सर्न अर्थात् चिन्ताजनक भेरिअन्ट को रूपमा सूचीकृत गरेको छ । खोप नलगाएका तथा जटिल दीर्घरोग भएका व्यक्तिहरुले कोभिड १९को जोखिमको सामना गरेका छन् । भने मृत्युको जोखिम पनि उच्च देखिएको छ । सरकारले सबै उमेर समुहका नागरिकलाई खोप लगाउनको लागि प्रयाप्त ध्यान दिनु पर्ने देखिन्छ । सरुवा तथा संक्रामक रोगबाट सुरक्षित रहनको लागि आम नागरिक स्तरबाट स्वास्थ्य सुरक्षा मापदण्डको पालनादेखि व्यक्तिगत सरसफाईमा समेत ध्यान दिनु पर्छ ।

कोभिड १९को संक्रमण कहाँ कसरी र कुनै रुपमा फैलन्छ त्यसको कुनै निश्चित हुदैन । त्यसैले विश्वव्यापी रुपमा परेको प्रभाव र विगतमा नेपालले भोग्नु परेको जनधनको क्षतिबाट पाठ सिकी नेपाल सरकार र यसका सम्बन्धित निकायहरूले समयमै कोभिड १९ संक्रमण र महामारी नियन्त्रणको लागि निरन्तर रुपमा काम गर्नु आवश्यक छ । सेवा प्रदायक सरकारी निकाय, मानिसको भीडभाड हुने स्थान, विश्वविद्यालय, विद्यालय र शिक्षण संस्था, धार्मिक स्थल र नियमित भिडभाड हुने प्रकृतिका व्यावसायिक तथा मनोरञ्जनस्थलहरूका साथै गोष्ठी, सेमिनार, बैठक जस्ता मानिसको जमघट हुने कार्यक्रममा अनिवार्य मास्क लगाउनेदेखि सेनिटाइजरको व्यवस्था गर्ने, भौतिक दुरी कामय गर्ने लगायत जनस्वास्थ्यका मापदण्डहरूको अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन पर्ने देखिन्छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं,वर्षर्तुः, नलनाम संवत्सर, श्रीशाके १९४४, सम्वत २०७९ साल भाद्र २ गते गुरुबार नेपाल सम्बत ११४२ गुँलागा, सन् २०२२ अगस्त १८ तारिक कृष्णपक्ष सप्तमी तिथि राती १२ वजेर १९ मिनेटसम्म, भरुणी नक्षत्र राती ३ वजेर २६ मिनेटसम्म, वृद्धियोग, भद्राकरण, आनन्दादियोग पद्म, सूर्य सिंह राशिमा, चन्द्रमा मेष राशीमा ।

## राशिफल




वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ खर्च नियन्त्रण,दैनिक काममा प्रगति,निमन्त्रणा हुनेछ ।
- **वृष** ■ सुरक्षित यात्रा अप्नाउनु, चोटपटकको भय, फजुल खर्च ।
- **मिथुन** ■ व्यापार व्यवसायबाट आम्दानी बढ्नेछ, सहयोग ।
- **कर्कट** ■ काममा सरलता, कार्य योजना अगाडि बढ्ने छन् ।
- **सिंह** ■ रोकिएका काम विस्तारै अगाडि बढ्ने छन् ।
- **कन्या** ■ प्रतिकुल परिस्थितिको सामना गर्नु पर्ला ।
- **तुला** ■ शत्रु माथि विजय, अधिकाँश काम सफल हुने ।
- **वृश्चिक** ■ लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नु पर्नेछ ।
- **धनु** ■ पढाई लेखाईमा सामान्य प्रगति, अल्प लाभ ।
- **मकर** ■ तन, मन र धनको कमजोर, समस्या बढ्नेछ ।
- **कुम्भ** ■ लाभ, अधुरा काम धेरै जसो सम्पन्न हुनेछन् ।
- **मीन** ■ लगनशिल भई गरेका काम सफल हुनेछन् ।

# शीतलनिवास-बालुवाटार बढ्दो दूरी



युवराज घिमिरे



आफ्नो कार्यकालको अन्तिम चरणमा आइपुग्दा राष्ट्रपति विद्यादेवी भण्डारी अति सक्रिय भएकी छन् । संविधानले निष्क्रिय राष्ट्राध्यक्षको परिकल्पना गरेको छैन । तर, उनी संवेदनशील, विवेकशील, सार्वभौमसत्ता तथा राष्ट्रियता पक्षधर अनि न्यायिक दलीय घेराभन्दा माथि हुनुपर्ने अपेक्षा गरिन्छ ।

नेपाली सेनाका प्रमुखसँग नियमित भेटघाटसँगै सेवा निवृत्त जर्नेलहरू, परराष्ट्रविद् तथा पूर्व परराष्ट्र मन्त्रीहरू, खासगरी एमालेसँग आबद्ध अनि त्यसबाहिरका पत्रकार, वकिल र संविधानविद्हरूसँग उनले नियमित रूपमा छलफल र परामर्श गरिरहेकी छन् । नागरिक विधेयकलाई अनुमोदन नगरी पुनर्विचारका लागि संसद् पठाएकी राष्ट्रपति भण्डारीले पहिला नदेखिएको यो सक्रियताले राजनीतिक वृत्त तथा विविध सरोकारवालामा चासो देखिनु अस्वाभाविक हैन । राष्ट्रपति भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवा बीच संवादहीनताकै अवस्था नभए पनि उनीहरूको सम्बन्धमा विश्वासको अभाव र दलीय पृष्ठभूमिको तगारो छ । त्यसैले शीतलनिवासमा भइरहेका यी अभ्यासका अन्त्य, परिणाम र परिणिती के होलान् ? हेर्न बाँकी छ । तर, निर्वाचन ६ महिना मात्र बाँकी छँदा यी गतिविधि दलीय प्रस्तावनाबाट निर्देशित राजनीतिमा विसर्जित हुने अनुमान गर्न सकिन्छ, सहजै । त्यसका पूर्व संकेतहरू देखिन थालेका छन् । निजी भ्रमणमा जापान पुगी नेपाल फर्केलगत्तै नागरिकता विधेयक प्रमाणिकरण ढिलो गरेको भन्दै सत्ता गठबन्धन तथा माओवादी नेता पुष्पकमल दाहालले राष्ट्रपतिको नियतमाथि शंका व्यक्त गरे । फास्ट ट्र्याक र संसद्मा कोरमभन्दा मुनिको संख्याबाट पारित यो विधेयकबारे राष्ट्रिय समझदारी बनाउने प्रयास नहुनुको एउटै अर्थ लाग्न सक्छ । सत्ता गठबन्धन यो विधेयकका लागि श्रेय लिएर खासगरी जनघनत्व बढी भएको तराई क्षेत्रबाट राजनीतिक समर्थन या ‘भोट’ बटुल्न चाहन्छ । विधेयकले तराई तथा अन्य सीमावर्ती क्षेत्रमा नागरिकतासम्बन्धी समस्यालाई कसरी सम्बोधन गर्छ भन्ने विषयसँग प्रचण्ड या गठबन्धनलाई खासै सरोकार छैन । उता, विधेयकको विरोधमा रहेको एमाले पनि निर्वाचनमा दलका लागि यो विरोधले के अर्थ राख्छ, त्यसको राजनीतिक नाफाघाटाको लेखाजोखामा व्यस्त छ। दलीय स्वार्थभन्दा माथि उठ्ने व्यक्ति र दल छँदै छैनन् नेपालमा ।

निराश र विचलनका अनेक आयाम छन् राष्ट्रिय राजनीति र जीवनमा । सत्ता गठबन्धनको नेतृत्व गरेको नेपाली कांग्रेसले संघीय संसद् तथा प्रान्तीय निर्वाचनमा उम्मेदवार छनोटका लागि तीन सदस्यीय प्रभावशाली टिमसमेत गठन गरिसकेको छ । एउटा महत्वपूर्ण राज्य संस्थाको नेतृत्वमा रहिसकेका र पछि कांग्रेससँग आबद्ध एक जनालाई गत निर्वाचनमा टिकटका लागि दुई करोड रूपैयाँको माग गर्दा एक कांग्रेसीले झण्डै पिटाइ खाएका थिए । हाल समितिमा आबद्ध एक जना नेताको नाम लिएर उनी उम्किए त्यसबेला । तर, आन्तरिक प्रजातन्त्रको शून्यता र विकेन्द्रिकृत मान्यताअनुसार स्थानीय समितिहरूको सिफारिस तथा संलग्नता अर्थहीन भइसकेको अवस्थामा व्यक्तिगत पहुँच, पैसा र अन्य अराजनीतिक प्रभावले निर्णायक भूमिका खेल्ने निश्चित छ। र, नेपाली कांग्रेस एक्लो दल या अपवाद हैन मुलुकमा ।

त्यस्तै, विवादास्पद ‘कन्टेन्ट’ का साथ र शैलीमा ल्याइएको नागरिकता विधेयक एक्लो विचलन हैन मुलुकमा । ‘नागरिकता’ लाई सस्तो र अस्पष्ट विषय बनाएको यो सरकार सेनालाई अपमानित गर्न कति उद्यत छ, त्यसको एउटा प्रमाण यस्तो छ । जघन्य मानवअधिकार उल्लंघनका मामिलामा माओवादीलाई एकतर्फीरूपमा आममाफी दिने प्रपञ्च या तिकडममा खुलेर लागेका कानुन मन्त्री गोविन्द बन्दी करिब एक महिनाअघि सैनिक मुख्यालय पुगे, प्रस्तावित संक्रमणकालीन न्यायसम्बन्धी कानुनबारे सेनाको समर्थन लिन । करिब एक घण्टा कुराए, सेनापतिलगायत सेनाका उच्च अधिकारीहरूलाई । त्यो ढिलाइ नियोजित र रणनीतिक भएको उनको प्रस्तुतिले स्पष्ट पारेको थियो ।

आफूसँग समय कम भएकाले तत्काल अनुमोदन माग गर्दै ‘आजै’ मन्त्रिपरिषद्मा पारित गर्नुपर्ने आफ्नो दबाबमूलक आग्रह सुनाए उनले । त्यहाँ उपस्थित केहीले व्यापक छलफलको मागसहित ‘रिजर्भेसन’ देखाएपछि सेना तयार नभए त्यसलाई अघि नबढाउने घुर्की दिए उनले । अर्थात् कर्मकाण्ड गरेजस्तो देखाउने तर कसैको कुरा नसुन्ने शैली अपनाएका छन् उनले ।

यता, दुईवर्षे म्याद सकिएको सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता आयोगको अवधि तीन महिना मात्र थपेको छ सरकारले । के ६ महिने म्यादी मन्त्री ‘फास्ट ट्र्याक’ बाट यो विधेयक पारित गराएर त्यो निकायको नेतृत्वको दाबी गर्ने तयारीमा त छैनन ?

नेपालको आन्तरिक राजनीतिको किचलो, राष्ट्रपति-प्रधानमन्त्रीबीचको तिक्तता, सेनालाई जिस्क्याउने प्रवृत्ति अनि नागरिकता तथा संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा कुनै बाहिरी शक्तिको प्रत्यक्ष या परोक्ष संलग्नता घातक हुनेछ । अहिले मुलुक त्यतातर्फ नै अग्रसर छ ।

कानुनमन्त्री नै रहँदा उनी वरिष्ठ अधिवक्ता बनिसकेका छन् । उनको तिकडम, स्वार्थ र महत्वाकांक्षा अस्वाभाविक र आपत्तिजनक छ । सेनाभित्रबाट अब गाइँगुइँ हैन, खुला विरोधको स्वर बाहिर आउन थालेको छ । त्यति मात्र हैन, प्रधानसेनापतिले स्पष्ट र संस्थागतहितमा कठिन निर्णय लिन नसकेको आरोप पनि सुनिन थालेको छ । अर्थात् एकजना व्यक्तिको महत्वाकांक्षा र नेपाली सेनाको अस्तित्व फेरि एकपल्ट टकरावको स्थितिमा छ । कसका लागि शान्तिप्रक्रिया तथा त्यससँग जोडिएको राजनीति नियन्त्रण गर्ने प्रयत्न भइरहेको छ?

हाल प्रधानमन्त्री शेरबहादुर देउवाले एकपल्ट यो पंक्तिकारसँगको अन्तर्वार्तामा सशस्त्र द्वन्द्वताका आफ्नो नेतृत्वकालमा सेना तथा राज्यका तर्फबाट भएका मानवअधिकार उल्लंघनका मामिलामा ‘नैतिक जिम्मेवारी लिन्छु’ भनेका थिए । प्रजातान्त्रिक पद्धतिमा त्यो नेतृत्वको अभिव्यक्ति उपेक्षित आचरण हो । तर संस्थागत नेतृत्वको ‘ब्ल्याकमेल’ र उनीहरूमाथि बाह्य दबाब प्रत्यक्ष या उनीहरूका ‘एजेन्ट’ हरूबाट हुने प्रक्रिया खुलारूपमा भइरहेको अवस्थामा देउवा या अन्य ठूला नेताहरू दबाबमा परेको हुन सक्ने अनुमान गर्न कठिन छैन । मुलुकभित्रबाट कमै निर्णय लिइने गरिन्छ, आन्तरिक मामिलामा । माओवादी र नेपाली कांग्रेसका प्रभावशाली नेताहरू निरन्तर दक्षिण भ्रमणमा रहनु र त्यसलगत्तै मुलुकमा दुई पार्टीबीचको सहकार्य घोषित हुनुले के सन्देश दिएको छ, आम नेपालीले बुझेका छन् । त्यसको प्रत्यक्ष प्रतिक्रिया यो निर्वाचनमा देखिनेछ । ‘स्वतन्त्र उम्मेदवार’ हरू बीच स्थापित दलका नेताहरूविरुद्ध देखिएको आक्रोश र चुनावी मैदानमा हामफाल्ने उनीहरूको तयारी नेताहरूविरुद्ध मात्र हैन, कुशासन, भ्रष्टाचार, तिनीहरूबाट निर्देशित शासन पद्धति र व्यवस्था विरुद्धको आक्रोश पनि हो । यो निर्वाचनपछि विगत १५ वर्षमा सत्तामा प्रतिनिधित्व गरेका दल र तीमध्ये हरेकका उच्च तहका नेताहरूमाथि भ्रष्टाचार मामिलामा मुद्दा चल्ने सहज अनुमान गर्न सकिन्छ, यद्यपि त्यो प्रतिशोधका लागि नभएर पद्धतिको शुद्धीकरणका लागि हुनुपर्ने छ ।

> **नेपालको आन्तरिक राजनीतिको किचलो, राष्ट्रपति-प्रधानमन्त्रीबीचको तिक्तता, सेनालाई जिस्क्याउने प्रवृत्ति अनि नागरिकता तथा संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा कुनै बाहिरी शक्तिको प्रत्यक्ष या परोक्ष संलग्नता घातक हुनेछ**

परिचालित र परचालित यो राजनीतिक तथा भ्रष्ट पद्धतिको समग्र परिणाम र त्यसको पतनबाट उत्पन्न हुने अराजक परिस्थितिलाई सहज अवतरण दिन अनि हिजोजस्तो विदेशी हस्तक्षेप र नियन्त्रणमा आन्तरिक राजनीतिलाई जानबाट रोक्न त्यसको अपनत्व नेपालीहरूले नै लिनुपर्ने छ । नागरिक समाज, सञ्चार र परिचालित राजनीतिक नेतृत्वसँग समयमै अहिलेको राजनीतिक विचलनबाट अलग भई राष्ट्रिय स्वाभिमान तथा सार्वभौमसत्ताको पक्षमा आउने ठूला दलहरूका कार्यकर्ता र वैकल्पिक राजनीतिमा सक्रिय दलहरूको भूमिका निश्चय पनि महत्वपूर्ण हुनेछ तर उनीहरू साझा एजेन्डासहित एक ठाउँमा आउन तथा हिजो फास्ट ट्र्याक, प्रक्रियाविहीन शैली तथा बाहिरबाट लादिएका एजेन्डाको समीक्षा र ‘करेक्सन’ बारे पनि स्पष्ट र इमानदार हुनुपर्ने छ ।

नेपालको ऐतिहासिक, संस्कृतिक र भूसामरिक तथा भू-अवस्थितिका प्रवल तथा सकारात्मक पक्ष छन् । पृथ्वीनारायण शाहको नेतृत्वमा भएको एकीकरणपछि निर्वाचनमा केही कमजोरीबाहेक प्रभावकारी कूटनीतिका कारण उपनिवेश बन्नबाट बच्न सफल भयो । तर, दुर्भाग्य आन्तरिक राजनीतिमा निर्लज्जतासाथ बाह्य हस्तक्षेप स्वीकार गर्ने वर्तमान दलहरू जनताको आक्रोश चुलिएको छ । बाह्य शक्तिहरूले यो बुझ्न थालेका छन्। तर, तिनका स्थानीय अरौटेहरू मौन छन् अझै पनि । नेपालसँग ७५ वर्षदेखि दौत्य सम्बन्धमा रहेको अमेरिकाले यहाँको भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, ग्रामीण विकास, ऊर्जा आदि विषयमा महत्वपूर्ण तथा स्वीकार्य भूमिका खेले पनि यता आएर नेपाललाई अन्तर्राष्ट्रिय खेल मैदान बनाउने प्रवल प्रतिस्पर्धी शक्तिका रूपमा ऊ देखा परेको छ । नेपाली राजनीतिक नेतृत्व नेपाली विकासमा विवादरहित तरिकाले अमेरिकी निरन्तरता रहोस् भन्ने सुनिश्चित गर्न सक्ने क्षमता राख्दैन। स्टेट पार्टनरसिप प्रोग्राममा खासगरी नेपाली कांग्रेसको भूमिकाले त्यसलाई स्पष्ट पारेको छ ।

‘आतंकवादी’ शक्ति सँगको सहकार्य र अति हस्तक्षेपबाट नेपालमा आफ्नो सम्मान र हैसियत गुमाएको भारतको सहकार्य अब सत्ताधारी गठबन्धनका अलोकप्रिय र भ्रष्ट अनुहारहरूसँग हुन थालेको छ । आफैँले नेपालको आन्तरिक राजनीतिमा बोकेर ल्याएको अमेरिकाको बढ्दो प्रभाव र उपस्थितसिँग ऊ त्रस्त छ ।

स्वाभाविक रूपमा चीनले यो कुरा बुझेको छ । चीनले ५ वर्षपहिले एमाले-माओवादी एकीकरणपछिका चार वर्षमा झण्डै अर्को छिमेकी कूटनीतिक शैलीको अलोकप्रिय अभ्यास गर्‍यो । सत्ताधारी कम्युनिष्ट पार्टीबाहेक अरू पार्टीलाई बेवास्ता गर्‍यो । तर, जनताबीच ती दल अलोकप्रिय बन्दा र तिनीहरू भ्रष्टाचारका प्रतीक बन्दा नेपानी दलका बाह्य अभिभावकबारे नेपाली आक्रोश र वितृष्णा त्यही अनुपातमा बढ्छ भन्ने कुरा सम्भवत: चीनले छिट्टै बुझ्न सक्यो। अहिले त्यसबाट उचित पाठ सिकेको संकेत मात्र हैन स्पष्ट सन्देश दिन ऊ सफल भएको छ । अन्तर्राष्ट्रिय जगतमा खासगरी आर्थिक र रक्षा क्षेत्रमा चीन अमेरिकाको प्रतिस्पर्धी मात्र हैन, उसलाई उछिन्ने गतिमा अगाडि बढ्दो छ । अमेरिकी सदनका अध्यक्ष न्यान्सी पेलोसीको गत साता भएको ताइवान भ्रमणपछि दुई मुलुकबीच बढेको तनाव र विश्वमा उत्पन्न हलचलपछि चीनको विदेशमन्त्री तथा स्टेट काउन्सिलर वाङ यीको निमन्त्रणमा त्यहाँ पुगेका परराष्ट्रमन्त्री नारायण खड्का र नेपाली टोलीले चीनको चिन्ताको केन्द्रमा नेपाल रहेको बुझेको छ ।

बेल्ट एन्ड रोड इनिसिएटिभको उल्लेख नेपालद्वारा जारी आधिकारिक वक्तव्यमा नभए पनि त्यसअन्तर्गतका परियोजनाको सम्भाव्यता अध्ययनमा चीन अघि बढेको छ । एक चीन नीतिमा प्रतिबद्धतासँगै क्षेत्रीय र अन्तर्राष्ट्रिय मामिलामा समान धारणासाथ अघि बढ्न मात्र नेपाल-चीन तयार भएनन्, अमेरिकाको उपस्थिति र चलखेलको ‘अनुपात’ असीमित हुन नहुनेबारे चीनको चिन्तालाई गम्भीरतासाथ लिनुपर्ने कुरा बुझेर खड्का नेपाल फर्केका छन् ।

आर्थिक हिसाबले नेपाल पनि श्रीलंकाकै बाटो जाने डरबारे बहस भइरहँदा चीनले ठूलो आकारमा आर्थिक अनुदान दिनुका साथै आवश्यकताअनुसार त्यसलाई बढाउने आश्वासन पनि दिएको छ । त्यति मात्र हैन, नेपालको सार्वभौमसत्ता, सुरक्षा र भौगोलिक अखण्डताको पक्षमा बिनासर्त उभिने पनि तिनले जनाएको छ । यस्तो परिस्थिति अर्थात् सार्वभौमसत्ता, सुरक्षा र भौगोलिक अखण्डताको पक्षमा छिमेकी मुलुकहरू उभिनुपर्ने परिस्थिति किन आयो ? चीनको त्यो अभिव्यक्तिमा नेपालको सुरक्षा र वर्तमान परिस्थितिबारे चिनियाँ सुरक्षा अवधारणा झल्किन्छ । नेपालमा अमेरिका तथा पश्चिमा चलखेललाई सहज रूपमा नलिने चीनको सन्देश हो यो । मन्त्री खड्काको भ्रमण र चिनियाँ सन्देशलाई नेपालले आफ्नै हिसाबले पुनर्मूल्यांकन गर्नु र बुझ्नु आवश्यक छ । यो भ्रमणलाई तत्कालको सफलता र असफलताको कसीमा हेर्नु मूर्खता हुनेछ । चीनलाई उक्साउने तथा उसको सुरक्षा संवेदनशीलतालाई झस्काउने शक्तिलाई नेपाल भित्र्याएर उसको परीक्षा लिनु अर्को मूर्खता हुनेछ ।

नेपालको आन्तरिक राजनीतिको किचलो, राष्ट्रपति-प्रधानमन्त्रीबीचको तिक्तता, सेनालाई जिस्क्याउने प्रवृत्ति अनि नागरिकता तथा संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा कुनै बाहिरी शक्तिको प्रत्यक्ष या परोक्ष संलग्नता घातक हुनेछ । अहिले मुलुक त्यतातर्फ नै अग्रसर छ ।

*देश सञ्चार*




## वर्गीकृत विज्ञापन डिस्प्ले

**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293

**कर्मचारी आवश्यकता**
नयाँ अफिसको लागि
साधारण : ३ जना
Test, S.L.C. : ७ जना
+2 above : ४ जना
तलब: ८००० देखि १६,५०० सम्म
सुविधा : गाडी भाडा+मासिक बोनस
सम्पर्क:
9806548049,
9856032351
नोट : पहिला आउनेलाई विशेष प्राथमिकता

**तु बिक्रीमा**
पोखरा ५ पर्स्याङमा
अत्यन्त चालु अवस्थामा
रहेको फलफूल,
जुस तथा रेष्टुरेण्ट
बिक्रीमा छ।
सम्पर्क :
9868907401

**आवश्यकता**
यस स्टेशनरी पसलको लागि
एक जना पुरुष कर्मचारी
तुरुन्त चाहियो।
स्कुटर, बाइकको लाइसेन्स भएको
र नजिक बस्नेलाई प्राथमिकता।
तलब : आपसी समझदारीमा
सम्पर्क :
अस्मिता ट्रेड कर्न्सन
पोखरा-८, सिर्जनाचोक
०६१-५३८९८८

**TEACHER WANTED**
Level : Basic
(Class 1-7)
Subject : English
Contact :
9805870617

**पसल बिक्रीमा**
पोखरा-९
पृथ्वीचोकस्थित अत्यन्त
चालु अवस्थामा रहेको
पसल सुपथ मूल्यमा
तुरुन्त बिक्रीमा छ ।
सम्पर्क :
9827199586,
9829171178

**कर्मचारी आवश्यकता**
कुक- अलराउण्डर
किचन हेल्पर
डिस वासर
हाउस किपिङ
रुम ब्वाई
सम्पर्क:
061-452857, 452857
साईलेन्टपिक, पोखरा

**अर्जेन्ट चाहियो**
No Interview
Direct Job
साधारण : ५ जना
S.E.E : ७ जना
+2 above : ५ जना
तलब: १४,००० देखि १८,००० सम्म
नोट: दशै अफर+डबल बोनस
Contact:
98291-14743
98066-46755

**कर्मचारी आवश्यकता**
नयाँ अफिसको लागि
साधारण : ३ जना
Test, S.L.C. : ७ जना
+2 above : ४ जना
तलब: ८००० देखि १६,५०० सम्म
सुविधा : गाडी भाडा+मासिक बोनस
सम्पर्क:
9806548049,
9856032351
नोट : पहिला आउनेलाई विशेष प्राथमिकता

**अर्जेन्ट चाहियो**
No Experience
No Interview
अफिसका लागि
+2 above- ४ जना
SEE- ३ जना
तलब: १४,५००- १९,५०० सम्म
+अन्य सुविधा
Contact:
9821325720
9846647627

**घडेरी बिक्रीमा**
पोखरा-२७,
तालचोक नजिकै
हमालचोकदेखि लक्ष्मी
मा.वि. जाने पिच बाटोमा
पर्ने ३६X३९ हातको घडेरी
तु-बिक्रीमा छ ।
सम्पर्क:
९८१६६-१०३५७

**पोखरा मोबाईल टावर**
व्यवसायिक प्रयोजनका
लागि सटर भाडामा
उपलब्ध छ ।

उदयबहादुर के.सी.
(लाहुरे दाई)
प्रोभिजन स्टोर्स, गेम हाउस, सहकारी तथा बैंक QFS Hall, Institute & Consultancy लगायत सबै व्यवसायका लागि अति उपयुक्त ठाउँ। पार्किङ, लिफ्ट तथा वाइफाईको सुविधा भएको।
सम्पर्क:
९८५६०४८०८२, ९८४६१४८०८२
गण्डकी प्रदेशकै ठूलो मोबाईल सेन्टर,
पोखरा मोबाईल टावर

**होटल एण्ड लज बिक्रीमा**
पोखरा-९, महेन्द्रपुल,
अन्नपूर्ण सुपरमार्केट अगाडि
स्थित थकाली होटल एण्ड
लज विशेष कारणबस
तु-बिक्रीमा छ।
सम्पर्क:
98461-77143,
98465-66324

**रेष्टुरेण्ट बिक्रीमा**
पोखरा-८, न्यूरोड स्थित
नेपाली, थकाली खाना तथा
इन्डियन रेष्टुरेण्ट लामो
समयसम्मको भाडा सम्झौता
भएको पार्टी प्यालेस समेत तु
बिक्रीमा छ।
जीवन शर्मा
सम्पर्क:
९८०६६-२२२४२

**सटर भाडामा**
पोखरा-९, नयाँसडक
स्थित नेपाल एस.वि.आई
बैंक भएको भवनमा ७००
स्क्वाइर फिट बराबरको
अफिस तथा शोरुमको
लागि अति उपयुक्त
सटर भाडामा छ।
सम्पर्क नं.:
98011-22122

# ओटेफ स्थापना दिवसमा बटुक र ज्येष्ठ नागरिकलाई भोजन



**समाधान संवाददाता**
पोखरा, ३१ साउन

महिला पर्यटन व्यवसायी मञ्च ओटेफले आफ्नो स्थापना दिवसको अवसरमा ज्येष्ठ नागरिक र बटुकलाई खाना खुवाएको छ । 'आर्थिक विकास लागि पर्यटन व्यवसायमा महिला' भन्ने उद्देश्यसहित स्थापना भएको संस्थाले पाँचौ स्थापना दिवस पोखराको लेकसाइड स्थित केदारेश्वर मन्दिरमा मनाएको हो ।

कार्यक्रमा पोखरा पर्यटन परिषद अध्यक्ष गोपीबहादुर भटराईले पर्यटनका विभिन्न पेशा, व्यवसायमा आवद्ध महिलाको संस्था ओटेफले पर्यटन विकासका लागि सकारात्मक भूमिका खेलेको बताए । व्यवसायी महिला संगठित भएर सशक्त रुपमा अगाडि बढ्न सफल भएको जनाउँदै उनले त्यसको फाइदा पर्यटन क्षेत्रले लिन सफल भएको धारणा राखे ।

अध्यक्ष भट्टराइले संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्न गर्दै व्यवसायिक क्षेत्रमा अघि बढेको जनाए । ओटेफका गतिविधि देशका विभिन्न जिल्ला एवम् प्रदेशमा पुग्नु निकै सकारात्मक भएको जनाउँदै आगामी दिनमा पर्यटन क्षेत्रको विकासका लागि अझ सशक्त भूमिकाको अपेक्षा परिषदले गरेको सुनाए ।

होटल संघ पोखरा नेपाल अध्यक्ष लक्ष्मण सुवेदीले कुनै एउटामात्र पर्यटन व्यवसाय आवद्ध नभई सबै व्यवसायसँग आवद्ध महिलाको संस्था ओटेफले पर्यटन विकासमा साझा उद्देश्य राखे अघि बढ्न सफल भएको उल्लेख गरे ।

केदारेश्वर मन्दिरका पीठाधीश डा चिद्धन चैतन्यले समाज विकृत उन्मुख हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै मठ, मन्दिरमा आएर पनि तीज पर्व एवं संस्थाका कार्य गर्न सकिन्छ भन्ने उदाहरण महिला पर्यटन व्यवसायीले दिएको बताए ।

ओटेफ संस्थापक अध्यक्ष जमुना पराजुलीले संस्था स्थापनापश्चात विभिन्न क्षेत्रका महिला एकतावद्ध भएर पर्यटन क्षेत्रको विकाससँगै नेतृत्व तथा व्यक्तित्व विकासका लागि अग्रसर हुँदै अघि बढेको जनाइन् । ओटेफ अध्यक्ष पार्वती पाण्डेले हरेक वर्ष स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्य गर्दै आएको स्मरण गरिन् । उनले ओटेफले विभिन्न जिल्ला पुगेर पोखराको पर्यटनलाई ब्रान्डिङ सफल भएको दाबी गर्दै आगामी दिनमा पर्यटन प्रवर्द्धन गर्न संस्थाका सदस्यको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने बताइन् । कार्यक्रममा संस्थाका उपाध्यक्ष उमा भण्डारी र महासचिव ममता न्यौपानेले पनि बोलेका थिए । कार्यक्रममा ७६ बटुक २० ज्येष्ठ नागरिकलाई भोजन र केदारेश्वर मन्दिरका लागि आवश्यक ६ थान सिलिङ पंखा वितरण गरिएको कार्यक्रम संयोजक भावना रानाभाटले जानकारी दिइन् ।

# जोन ११ का लायन्स क्लबको पदस्थापन

**समाधान संवाददाता**
पोखरा, ३१ साउन




लायन्स क्लब इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ आइ नेपाल अन्तर्गत जोन ११ का क्लबहरूको संयुक्त पदस्थापन सोमबार भएको छ । कार्यक्रममा लायन्स क्लब अफ लेखनाथ सेभेन लेकसिटी, लेखनाथ मेट्रो सिटी र लेखनाथ लेकसिटीका वर्ष २०२२/२३ नवनिर्वाचित पदाधिकारीलाई पदस्थापन गराइएको हो ।

कार्यक्रममा डिस्ट्रिक्ट ३२५ आई नेपालका गभर्नर रामबहादुर बसेलले ३ वटै क्लबका वर्ष २०२२/२३ का अध्यक्ष एवं पदाधिकारीलाई पदस्थापन गराए । द्वितीय भाइस डिस्ट्रिक्ट गभर्नर विनोद ढुंगानाले क्लब प्रवेश गरेका नयाँ सदस्यलाई लायनवादको परिचयसहित सपथ ग्रहण गराए ।

लायन वर्ष २०२१/२२ का तिन वटै क्लब लायन्स क्लब अफ लेखनाथ सेभेन लेक सिटी, लेखनाथ मेट्रो सिटी र लेखनाथ लेक सिटीका अध्यक्षहरू क्रमशः बद्रिनाथ भण्डारी, बलराम बराल र सुरजजंग ढुंगानाले आफ्नो कार्यकालमा भए गरेका कार्यक्रमको विषयमा जानकारी दिएका थिए । लायन वर्ष २०२२/२३ का अध्यक्षहरू क्रमशः गोविन्द लामिछाने, उत्तम भण्डारी र विजय भण्डारीले हालसम्म गरेका कार्य र भावी योजना प्रस्तुत गरे ।

डिस्ट्रिक्ट गर्भनर बसेलले लायन्सले समाजमा गरेका उत्कृष्ट सेवाका कार्यको निरन्तरता र गर्न बाँकी रहेका सबै सेवा २०२२/२३ मा हुने विश्वास व्यक्त गरे । गभर्नर बसेलले डिस्ट्रिक्टमा मनोनित लायन्स लिडरलाई प्रदान गरिएको जिम्मेवारी उत्कृष्ट ढंगले सम्पादन गरेकोमा यही नै 'आ विलिभ ईन टिमवर्क' नाराको उदाहरण भएको बताए ।

डिस्ट्रिक्ट ३२५ आई नेपालका प्रथम भाइस डिस्ट्रिक्ट गभर्नर चन्द्रकुमार केसीले डिस्ट्रिक्ट गभर्नरले ल्याएको कार्यक्रम लामो समयसम्म चल्ने र दीर्घकालीन सोचका साथ आएको बताए । डिस्ट्रिक्ट एडमिनिट्रेटर शैलेन्द्रमोहन भट्टराईले डिस्ट्रिक्ट गभर्नरले ल्याएका कार्यक्रमलाई उत्कृष्ट ढंगले सम्पादन गर्न क्लबका अध्यक्षहरूलाई आग्रह गरे ।

कार्यक्रमको पहिलो सत्रको अध्यक्षता सेभेन लेकसिटीका २०२१/२२ अध्यक्ष बद्रीनाथ भण्डारी र दोस्रो सत्रको अध्यक्षता २०२२/२३ लेखनाथ सिटीका अध्यक्ष विजय भण्डारीले गरेका थिए ।

# लेखनाथमा ट्होटें मनाइयो

**समाधान संवाददाता**
लेखनाथ, ३१ साउन



लेखनाथमा रहेका गुरुङ समुदायले मंगलबार आफ्नो मौलिक पर्व ट्होटे मनाएका छन् । परापूर्व कालदेखि समाजमा भुत प्रेत हुने ठानेर धपाउनका लागि गुरुङ समुदायले यो पर्व मनाउँदै आएको छ । लेखनाथमा स्याङ्जाली तमु समाजको नेतृत्वमा पर्व मनाइएको हो ।

गुरुङ समुदायले आफ्नो भाषा, धर्म, संस्कृति र पहिचान जोगाउने गरी चैतको अन्तिम मंगलबार र साउनको अन्तिम मंगरलबार गरी वर्षमा २ पटक ट्होटे पर्व मनाउने प्रचलन छ । ट्होटे पर्वमा गुरुङ समुदायका मानिसले विभिन्न हातहतियार, बाजाहरु डम्फा, झ्याली, चोपडी, सुलाची, चिम्टा लगायतका सामग्री प्रदर्शन गरी, झाँकी निकाली धूप बल्ने चलन छ । चैत महिनाको अन्तिम मंगलबार उभौली र साउन महिनाको अन्तिम मंगलबार उधौलीका रुपमा यो पर्व मनाउने गरिन्छ । स्याङ्जाली तमु समाजले मंगलबार पोखरा २६ को गुँदेतालदेखि बुढीबजारजार हुँदै भित्री अर्घौ बजारको गड्डुवा खोलामा पुगी ट्होटे बिसर्जन गरेको समाजका पूर्व अध्यक्ष मोहनप्रसाद गुरुङले जानकारी दिए ।

अहिले आफ्नो मौलिक भेषभूषा, भाषा, संस्कृति संरक्षणका लागि ट्होटे पर्व मनाउँदै आएको स्याङ्जाली तमु समाजका अध्यक्ष नेमबहादुर गुरुङले जानकारी दिए ।

# शौर्य सिमेन्टको अभियान जारी

**समाधान संवाददाता**
काठमाडौं, ३१ साउन

शौर्य सिमेन्ट इन्डस्ट्रिजले मुलुकका विभिन्न जिल्लालाई लक्षित गर्दै 'एक पिल्लर मलाई' अभियान सुरु गरेको छ । शौर्य सिमेन्ट इन्डस्ट्रिजले मेची, कोशी, जनकपुर, सलाहीं र महोत्तरीमा 'एक पिल्लर मलाई' योजना अभियान सञ्चालन गरेको हो ।

पोखरा, चितवन, सिरहा, उदयपुर र सप्तरीमा यसअघि सञ्चालन गरिएको अभियानको सफलतापछि शौर्य सिमेन्टले ग्राहकको बढ्दो मागलाई ध्यानमा राखेर सो अभियान विस्तार गरेको जनाएको छ । सो योजना अन्तर्गत कुनै पनि नयाँ आवासीय भवन निर्माण गर्दा शौर्य सिमेन्टका प्राविधिक प्रतिनिधिले निर्माण स्थलमा पुगेर शौर्य सिमेन्ट प्रयोग गरी निशुल्क १ पिल्लर कास्टिङ गरिने कम्पनीले जनाएको छ ।

पिल्लर कास्टिङ गरेको एक सातापछि प्राविधिकले निशुलक रुपमा भारवहन क्षमता परीक्षण गरी सोको प्रमाणपत्र प्रदान गर्ने कम्पनीले जनाएको छ । सो योजनामा सहभागी हुनका लागि विज्ञापनमा दिइएको क्युआर कोड स्क्यान गरी वेबसाइटमा गई फारम भर्न सकिनेछ । यसका साथै टोल फ्रि नम्बर १६६००११२४४४ (एनटीसी) वा ९८०१५७२११२ (एनसेल) मा सम्पर्क गर्न सकिनेछ । शौर्य सिमेन्ट इन्डस्ट्रिज सिरहाको मिर्चैयामा छ ।

# अनुसन्धान केन्द्र खोल्ने योजना




**समाधान संवाददाता**
पोखरा, ३१ साउन

बि एन्ड बि टेक ग्रुपले पोखरामा अनुसन्धान तथा विकासबारे छलफल गरेको छ । सन् २०१८ मा स्थापना भएको संस्थाले ५ वर्षमा विभिन्न कम्प्युटर तथा मोबाइलका सफ्टवेयर र एप विकास गर्दै आएको संस्थाका को-फाउन्डर डा. विकास लम्सालले बताए ।

संस्थाको नेपालसहित जापान, फ्रान्स, इटाली र डेनमार्कमा शाखा छन् । यसले आइटीसँग सम्बन्धित कार्यसँगसँगै फोहोरको वर्गीकरणलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा पनि पहल गर्दै आएको छ । ग्रुपका अर्का को-फाउन्डर एवं रिसर्चर इन्जियनियर बिमलबहादुर केसीले आगामी ५ मा नेपालमा अनुसन्धान केन्द्र खोल्ने योजना सुनाए । विदेशका लागि मात्र नभई आफ्नै देशमा केही गर्न चाहेको उल्लेख गर्दै उनले राज्यले त्यो खालको वातावरण सृजना गर्नुपर्ने भनाइ राखे ।

जाभा सफ्टवेयरका सिओइ दिव्यमणि सुवेदीले प्रविधिमा विश्वले धेरै फड्को मारिसके पनि नेपाल अझै पनि पछाडि नै रहेको बताए । नेतृत्व तहमा बसेकाहरुले यसतर्फ पहल गर्नुपर्ने उनको भनाइ छ । गण्डकी विश्वविद्यालयका कुलपतिका सल्लाहकार डा. सन्तोष सापकोटाले विदेशमा सिकेको सीपलाई स्वदेशमा नै सदुपयोग गर्नुपर्नेमा जोड दिए ।

सल्यानको शारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारीले देशलाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन चाहने युवालाई राज्यले प्रोत्साहन गर्नुपर्ने बताए । डिजिटल शारदा एप बनाउने जिम्मासमेत बि एन्ड बिलाई दिइएको उनले स्पष्ट पारे ।


## एउटै व्यक्ति भएको सूचना

स्याङ्जा जिल्ला ओरष्टे गाविस वडा नं. ७ (हाल विरुवा गाउँपालिका वडा नं. ४) निवासी **सरस्वती बास्तोला भन्ने र सरस्वती पोखेल बास्तोला** भन्ने व्यक्ति एउटै भएको सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



सरस्वती पोखेल बास्तोला
ना.प्र.नं. ४२१००६/६८
जन्म मिति : २०५०/०६/११ गते

## सूचना ! सूचना !! सूचना !!!

**२०७९ साल असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म** पोखरामा सञ्चालन हुन गइरहेको ***नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा*** सहभागिताको लागि **कास्की जिल्ला स्तर छनौट प्रतियोगिता दुई चरणमा** निम्नानुसार हुने भएको हुँदा आफ्नो खेलाडी दर्ताको लागि सम्बन्धित संघ तथा खेलाडीहरूलाई **जिल्ला खेलकुद विकास समिति कास्की** हार्दिक अनुरोध गर्दछ ।

**पहिलो चरणमा छनौटमा हुने १४ वटा खेलको नाम**

| | | | | |
|---|---|---|---|---|
| फेन्सिङ | लन टेनिस | सफ्ट टेनिस | पौडी | फुटबल (महिला) |
| साइक्लिङ | कुस्ती | हक्की | गल्फ | क्रिकेट (महिला) |
| स्क्वास | सुटिङ | आर्चरी | खो खो | बास्केटबल (महिला) |
| ट्रायथलन | प्याराग्लाईडिङ | - | - | ह्याण्डबल (महिला) |

**अन्तिम दर्ता मिति : २०७२/०५/०२ कार्यालय समय भित्र।**

**दोश्रो चरणमा छनौट हुने २२ वटा खेलको नाम**

| | | | | |
|---|---|---|---|---|
| भलिबल | शारिरिक सुगठन | कबड्डी | रग्वी | फुटबल (पुरुष) |
| जिम्न्याष्टिक्स | आइटिएफ तेक्वान्दो | आर्चरी | व्याडमिन्टन | क्रिकेट (पुरुष) |
| कराँते | फुल कन्टयाक्ट कराँते | तेक्वान्दो | टेवल टेनिस | बास्केटबल (पुरुष) |
| बक्सिङ | भरात्तोलन | उसु | जुडो | ह्याण्डबल (पुरुष) |
| एथलेटिक्स | सेपकताक्रो | - | - | |

**अन्तिम दर्ता मिति: २०७९/०५/०६ कार्यालय समय भित्र।**

**जिल्ला खेलकुद विकास समिति, कास्की पोखरा रंगशाला, सम्पर्क नं. ०६१-५७०१३९**

## Shishu Niketan Secondary English School

**Birauta, Pokhara -17, Tel: 061-451598, 450601, 450603**

## TEACHERS WANTED

**Applications are invited for the under mentioned posts:**

| SI. | Post | Qualifications | Req. No. |
|---|---|---|---|
| A. | Computer Teacher (Primary Level) | I.A/ISc (IT trained) | 1 |
| B. | Lab In charge (Science Lab) | ISc | 1 |

* Candidates having at least 2 years of experience in the similar fields, positive attitude, trained and self-motivated will be given preference.
* Submit your detailed resume with a latest photograph in person before **5th Bhadra, 2079.**

**Principal**

## अर्जेन्ट चाहियो

**पोखरा–६ लेकसाइड स्थित ब्यूटी पार्लरको लागि १ जना लेडिज कर्मचारी तुरुन्त चाहियो।**

**तलब : आपसी समझदारीमा**

**सम्पर्क : ९८१७१४०२०७**

## होटल पेनिन्सुलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा राय सुझाबको लागि सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/५/१**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा होटल पेनिन्सुला प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **होटल पेनिन्सुला प्रा.लि,** पोखरा म. न.पा. वडा नं.०६, लालुपातेमार्ग, लेकसाइड कास्की, गण्डकी प्रदेश | |
| **प्रस्तावकको व्यहोरा** | **प्रस्ताव : होटल पेनिन्सुला** **मुख्य विशेषता:** | |
| | प्रस्तावित आयोजना रहने जग्गाको कुल क्षेत्रफल | कूल २४००.६ वर्ग. मि. |
| | प्रस्तावित आयोजना रहने स्थान | पोखरा म. न.पा. वडा नं.०६ , लालुपातेमार्ग, लेकसाइड , कास्की, गण्डकी प्रदेश |
| | कित्ता नं. | १०५, १०६, ३९, ४०, ४२ |
| | आयोजनाको उद्देश्य | होटल निर्माण तथा सञ्चालन |
| | जम्मा कोठा तथा बेड क्षमता | ५० कोठामा ९४ बेड |
| **प्रभाव पर्न सक्ने जिल्ला /न.पा.** | कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.०६, लालुपातेमार्ग, लेकसाइड | |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने शिलशिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण सरंक्षण नियमावली, २०७७ नियम ७ उपनियम २ को प्रावधान अनुसार राय सुझाव संकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (होटल निर्माण तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक-आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानिय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने ठेगाना:**

| **प्रस्तावक:** | **सम्बन्धित नगरपालिका:** | **परामर्शदाता:** |
|---|---|---|
| होटल पेनिन्सुला प्रा.लि, पोखरा म.न.पा.वडा नं. ०६, लालुपातेमार्ग, *लेकसाइड*, कास्की जिल्ला, गण्डकी, इमेल:info@peninsulanepal@gmail.com | पोखरा महानगरपालिका, कास्की, गण्डकी प्रदेश, फोन नं: ०६१-५२११०५ इमेल: info@pokharamun.gov.np | जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं, इमेल: info.jerc@gmail.com फोन नं: ९८५११५८५१९ |

हाम्रो प्रण: संस्कृति संरक्षण र संबर्द्धन

## ताया: मचा नृत्य प्रतियोगिता-२०७९



यहि भाद्र ४ गते शनिवारका दिन विन्ध्यवासिनी पार्क जाऔं !
ताया: मचा नृत्य प्रतियोगिता २०७९ मा सहभागी बनौं !
संस्कृति संरक्षण र संवर्द्धनमा टेवा पुऱ्याऔं !



**आयोजक**
**मोहरिया-सिंहनाथ टोल ताया: मचा समिति**

# समाधानकर्मी श्यामलाई सामुदायिक सेवा पुरस्कार

**समाधान संवाददाता**
पोखरा, ३१ साउन



सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा पृथ्वीचोकले सामुदायिक सेवा वर्ष पुरस्कार २०७९बाट पत्रकार श्याम कुँवरलाई सम्मान गरेको छ ।

संस्थाको मंगलबार भएको २२ औं वार्षिक साधारण सभामा गण्डकी प्रदेशका कानुन सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापाले पत्रकार कुँवरलाई नगद ११ हजार १ सय ११ रुपैयाँ, सहित दोशल्ला र सम्मानपत्र प्रदान गरे । केन्द्रका अध्यक्ष धर्मदत्त आचार्यले सामाजिक क्षेत्रमा योगदान गरेका व्यक्तिलाई सम्मान गर्न सामुदायिक सेवा वर्ष पुरस्कार स्थापना गरेको जानकारी दिए । उनले संस्थाले पहिलो पल्ट पत्रकारिता विधा रोजेको बताए । उनले सामाजिक, शिक्षा, खेलकुद, पत्रकारिताकाको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्तिलाई सम्मान गर्न पुरस्कार स्थापना गरेको जानकारी दिए ।

कार्यक्रममा मन्त्री थापाले नेपाल प्रहरीले स्थानीय समुदायसँगको सहकार्यमा समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सक्ने बताए । 'स्थानीय समुदाय र नेपाल प्रहरीको सहकार्यले सभ्य र समुन्नत समाज निर्माण गर्न सकिन्छ,'मन्त्री थापाले भने, 'विकृति, विसंगतिरहित समाजको निर्माणमा सामुदायिक सेवा केन्द्रको खेलेको भूमिका महत्वपूर्ण छ । नागरिक र प्रहरीबीचको सम्बन्ध सुमधुर भएमा समाजमा शान्ति सुव्यवस्था कायम गर्न सकिन्छ ।' उनले सभ्य समाज निर्माणमा यस्ता सेवा केन्द्र सहायक सिद्ध हुने विश्वास व्यक्त गरे । विकृति विसंति न्यूनीकरण गर्ने सवालमा सामुदायिक सेवा केन्द्र अग्रस्थानमा रहेको उनको भनाइ छ ।

कार्यक्रममा पोखरा महानगर पालिका वडा नम्बर ९का अध्यक्ष दिपेन्द्र मर्सानीले समुदाय स्रतमा सचेतना जगाउनेदेखि धेरै जसो वडा कार्यालयले गर्ने र सेवा केन्द्रले गर्ने कार्य मिल्दोजुल्दो भएको बताए । पोखरा महानगरपालिका वडा नम्बर १५का अध्यक्ष तोरणबहादुर बानियाँले सामुदायिक सेवा केन्द्र लगायता सामाजिक संघ संस्थासँगको सहकार्यमा विकास निर्माणको काम अगाडी बढाउने जानकारी दिए ।

सामुदायिक सेवा केन्द्र पृथ्वीचोकका अध्यक्ष धर्मदत्त आचार्यले विकृति, विसंगतिरहित समाज निर्माण नै आफूहरुको उद्देश्य रहेको जनाए । कार्यक्रममा सचिव उत्तम जोशीले सामुदायिक सेवा केन्द्र पृथ्वीचोकले गरेका काम, कारबाहीका विषयमा जानकारी गराएका थिए । उनले समाजमा भएका समस्यालाई समाधान गर्ने विषयमा सामुदायिक सेवा केन्द्रअगाडि सुनाए ।

कोषाध्यक्ष तीर्थ शर्मा ढकालले वार्षिक आयव्यय प्रस्तुत गर्दै सेवा केन्द्रले आव ०७८ र ०७९ मा १३ लाख ४४ हजार ९६६ रुपैयाँ आम्दानी गरेको र १० लाख ९६ हजार ४४४ रुपैयाँ खर्च भएको जानकारी दिए । कार्यक्रममा गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक श्रवणकुमार विश्वकर्मा, पोखरा महानगरपालिका न्यायिक समितिका सदस्य भावना श्रेष्ठ, वडा नम्बर ९का वडा सदस्य लक्ष्मी पहारी, संस्थाका उपाध्यक्ष कमलबहादुर श्रेष्ठ, लेखनाथ सामुदायिक सेवा केन्द्र अध्यक्ष त्रिलोचन लामिछाने, जाल्पादेवी महिला उद्धार समिति अध्यक्ष राधिका थापा, नेवाः मिसा पुचः नयाँबजारका अध्यक्ष यमुना श्रेष्ठ तभ्र्या लगायतले बोलेका थिए ।

## पोखरामा फुडगन्ज

पोखरा, ३१ साउन (समाधान)- अनलाइन फुड डेलिभरी कम्पनी फुडगन्जले पोखराबाट सेवा सुरु गरेको छ । कम्पनीले छोटो समयमा नै केन्द्रीय कार्यालय काठमाडौंसहित ललितपुर र नेपालगञ्जमा यसअघि नै शाखा विस्तार गरिसकेको छ ।

मंगलबारबाट पोखराबाट पनि यसले सेवा विस्तार गरेको छ । कम्पनीका सञ्चालक समिति सदस्य पूर्णबहादुर रानाले शाखा सुरुआत गरे । पोखराका ग्राहकलाई मध्यनजर गरी कम्पनीले पहिलो महिना १५-२५ प्रतिशतसम्म क्यासब्याकका साथै फ्रि डेलिभरीको व्यवस्था गरेको छ ।

कम्पनीका प्रबन्ध निर्देशक सुरज थापामगरले उपत्यकाभित्र बिहान ३ बजेसम्म र नेपालगञ्जमा बेलुका १० बजेसम्म सेवा दिँदै आएकोमा पोखरामा पनि बेलुका १० बजेसम्म सेवा दिइने जानकारी दिए ।

## बाडखोलामा टिभिएस सोरुम

**समाधान संवाददाता**
पोखरा, ३१ साउन




जगदम्बा मोटर्सले स्याङ्जाको बाडखोलामा पूर्ण सुविधासहितको नयाँ सो रुम सञ्चालनमा ल्याएको छ । जगदम्बा नेपालमा टिभिएस टु ब्हिलरको एकमात्र वितरक हो ।

ग्राहकलाई टिभिएस मोटरसाइकल तथा स्कुटरको बिक्री, सेवा र स्पेयर पार्ट्स सहज रुपमा उपलब्ध गराउने उद्देश्यका साथ नयाँ सोरुम सञ्चालनमा ल्याइएको हो । कार्यक्रममा बतास इन्भेस्टमेन्ट कम्पनीका एजिम राजेश शर्माले टिभिएसका ग्राहकलाई अझ राम्रो सेवा प्रदान गर्न सधैं प्रयासरत रहेको बताए । थप प्रभावकारी र छिटो, छरितो रूपमा सेवा दिन नयाँ सुविधा थपिएको उनको भनाइ छ ।

कार्यक्रममा स्याङ्जाका सिडिओ राजु पौडेल, प्रहरी उपरीक्षक राजीवबहादुर बस्नेत, प्रहरी उपरीक्षक रवीन्द्र खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक राजेशलाल श्रेष्ठ लगायतले बोलेका थिए । नेपालभर १ सय ३२ भन्दा बढी डिलरको बलियो वितरण सञ्जालका साथ टिभिएसले बजारमा आफ्नो बलियो पकड कायम गरेको छ ।

## कर्मशीलका सदस्यलाई युआरएलमा छुट

पोखरा, ३१ साउन (समाधान)- कर्मशील बचता तथा ऋण सहकारी पोखरा ८ सभागृहचोकका सेयर सदस्य र कर्मचारीले स्वास्थ्योपचारमा छुट पाउने भएका छन् । उनीहरुले पोखराको महेन्द्रपुलमा रहेको अन्नपूर्ण सिटी क्लिनिकका सबै सेवामा १० प्रतिशत छुट पाउने छन् । अन्नपूर्ण सिटी पोखरा र काठमाडौंका विशेष विशेक्षता हासिल गरेका डाक्टरबाट सञ्चालित सुपर स्पेसालिटी क्लिनिक हो ।

यस्तै, उनीहरुले युआरएल र अन्नपूर्ण प्याथ ल्याबका सबै प्रकारका जाँचमा ३० प्रतिशत छुट पाउने भएका छन् । युआरएल गण्डकी प्रदेशको पहिलो र लोकप्रिय रेफरेन्स ल्याब हो भने अन्नपूर्ण प्याथ ल्याब महेन्द्रपुलमा छ । छुटसम्बन्धी सम्झौतामा युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्त र कर्मशीलका सञ्चालक समिति अध्यक्ष संगीता गौतम तिमिल्सिनाले मंगलबार हस्ताक्षर गरेका छन् ।



युआरएलका अध्यक्ष पन्तले कर्मशीलका सेयर सदस्य र कर्मचारीले युआरएल केन्द्रीय कार्यालयसहितका सबै सेवा केन्द्र र अन्नपूर्ण सिटी क्लिनिकमा छुट दिइने बताए ।

## मनकामना टोलमा रामचन्द्र

पोखरा, ३१ साउन (समाधान)- पोखरा महानगरपालिका वडा नं. १४ मा रहेको मनकामना टोलको अध्यक्षमा रामचन्द्र केसी सर्वसम्मत भएका छन् । मंगलबार भएको अधिवेशनले १५ सदस्यीय नयाँ समिति सर्वसम्मत चुनेको हो ।

उपाध्यक्षमा मोतीबहादुर बानियाँ, सचिव रविकिरण पराजुली र कोषाध्यक्ष महेश बानियाँ चयन भएका छन् । समितिका सदस्यमा रवीन्द्र थापा, सौगात जिसी, शोभा बानियाँ, विष्णुमाया जिसी, अञ्जान थापा, लक्ष्मी बानियाँ, माया गुरुङ, सरिता बानियाँ, दीपक विक, सीता शर्मा र श्याम थापा छन् ।


**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लीचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना**

***(प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०१)***

प्रस्तुत सम्बन्धमा यस गण्डकी गाउँपालिकामा तपसिल बमोजिम सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GRM-02-2079/80 | सूचना प्रविधि अधिकृत | छैठौं तह | १ | १००० | |
| २ | GRM-03-2079/80 | इन्जिनियर | छैठौं तह | १ | १००० | |
| ३ | GRM-04-2079/80 | रोजगार संयोजक | छैठौं तह | १ | १००० | |
| ४ | GRM-05-2079/80 | सव-इन्जिनियर | पाँचौ तह | १ | ५०० | |
| ५ | GRM-06-2079/80 | एम.आइ.एस अपरेटर | पाँचौ तह | १ | ५०० | |
| ६ | GRM-07-2079/80 | हेल्थ असिसटेन्ट | पाँचौ तह | ५ | ५०० | |
| ७ | GRM-08-2079/80 | स्टाफ नर्स | पाँचौ तह | १ | ५०० | |
| ८ | GRM-09-2079/80 | उद्यम विकास सहजकर्ता | पाँचौ तह | १ | ५०० | |
| ९ | GRM-10-2079/80 | रोजगार प्राविधिक सहायक | पाँचौ तह | १ | ५०० | |
| १० | GRM-11-2079/80 | उद्यम विकास सहजकर्ता | चौथो तह | १ | ४०० | |
| ११ | GRM-12-2079/80 | अ.न.मी. बर्थिङ | चौथो तह | ५ | ४०० | |
| १२ | GRM-13-2079/80 | असिस्टेन्ट सव-इन्जिनियर | चौथो तह | १ | ४०० | |
| १३ | GRM-14-2079/80 | अ.हे.व. | चौथो तह | ३ | ४०० | |
| १४ | GRM-15-2079/80 | फिल्ड सहायक | चौथो तह | १ | ४०० | |
| १५ | GRM-16-2079/80 | अमिन | चौथो तह | १ | ४०० | |
| १६ | GRM-17-2079/80 | रेडियोग्राफर | चौथो तह | १ | ४०० | |
| १७ | GRM-18-2079/80 | पोषण स्वयम सेवक | | १ | ५०० | चेपाङ पोषण कार्यक्रम |
| १८ | GRM-19-2079/80 | कार्यालय सहयोगी | श्रेणी विहिन | १६ | ३०० | |
| १९ | GRM-20-2079/80 | हलुका सवारी चालक | श्रेणीविहिन | २ | ३०० | |
| २० | GRM-21-2079/80 | टिपर चालक | श्रेणीविहिन | १ | ३०० | |
| २१ | GRM-22-2079/80 | जेसिवि अपरेटर | श्रेणीविहिन | १ | ३०० | |
| २२ | GRM-23-2079/80 | सह-चालक | श्रेणीविहिन | २ | ३०० | |
| | | | ***जम्मा पद संख्या*** | ***४९*** | | |

१. **आवश्यक कागजातहरू :** नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (१ प्रति), पासपोर्ट साइजको फोटो (३ प्रति), शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि, अनुभव तथा तालिम सम्बन्धी प्रमाणपत्रहरूको प्रतिलिपि ।

२. **न्युनत्तम शैक्षिक योग्यता :**

क. विज्ञापन नं. GRM-02-2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय (B.E. in Computer Engineering, B.E. in Electronics and Communication Engineering, BIT, BIM, BCA, BEIT, B.Sc CSIT) स्नातक तह उत्तीर्ण गरेको वा सो सरह ।
ख. विज्ञापन नं. GRM–03–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषय स्नातक तह उत्तीर्ण वा सो सरह ।
ग. विज्ञापन नं. GRM–04–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह ।
घ. विज्ञापन नं. GRM–05–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषय प्रमाण पत्र तह उत्तीर्ण वा सो सरह ।
ङ. विज्ञापन नं. GRM–06–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषयमा प्रमाण पत्र तह उत्तीर्ण वा कुनै पनि विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी छ महिने तालिम लिएको वा सो सरह ।
च. विज्ञापन नं. GRM–07–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL वा जनरल मेडिसिन विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।
छ. विज्ञापन नं. GRM–08–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाण पत्र तह उत्तीर्ण ।
ज. विज्ञापन नं. GRM–09–2079/80 का लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा तह उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह उत्तीर्ण गरी सिप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको ।
झ. विज्ञापन नं. GRM–10–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङमा प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
ञ. विज्ञापन नं. GRM–11–2079/80 का लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा तह उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरी सिप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको ।
ट. विज्ञापन नं. GRM–12–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्तीर्ण गरी (SBA) तालिम प्राप्त ।
ठ. विज्ञापन नं. GRM–13–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक माध्यमिक शिक्षा परिक्षा उत्तीर्ण वा सो सरह ।
ड. विज्ञापन नं. GRM–14–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. कोर्ष उत्तीर्ण वा सो सरह ।
ढ. विज्ञापन नं. GRM–15–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरी ३ महिने कम्प्यूटर सिप सम्बन्धी तालिम लिएको ।
ण. विज्ञापन नं. GRM–16–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरी सर्भे सम्बन्धी १८ महिने तालिम लिएको ।
प. विज्ञापन नं. GRM–17–2079/80 का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्रफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह उत्तीर्ण गरेको ।
फ. विज्ञापन नं. GRM–18–2079/80 का लागि चेपाङ समुदायको मध्ये मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
ब. विज्ञापन नं. GRM–19–2079/80 का सामान्य लेखपढ ।
भ. विज्ञापन नं. GRM–20–2079/80 का लागि सामान्य लेखपढ तथा बी क्याटेगोरीको सवारी चालक अनुमति पत्र प्राप्त ।
म. विज्ञापन नं. GRM–21–2079/80 का लागि सामान्य लेखपढ तथा जी क्याटेगोरीको सवारी चालक अनुमति पत्र प्राप्त
त. विज्ञापन नं. GRM–22–2079/80 का लागि सामान्य लेखपढ तथा J2 (Backhoe Loader) क्याटेगोरीको सवारी चालक अनुमति पत्र प्राप्त ।
थ. विज्ञापन नं. GRM–23–2079/80 का लागि सामान्य लेखपढ ।

३. **उमेर हद :** विज्ञापन नम्बर GRM–2–2079/80 र GRM–3–2079/80 का लागि २१ वर्ष पुरा भइ ४० वर्ष ननाघेको । विज्ञापन नं. GRM–4–2079/80 २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको । विज्ञापन नं. GRM–10–2079/80 तथा श्रेणीविहिन पदका विज्ञापन नं. GRM–19–2079/80, GRM–20–2079/80, GRM–21–2079/80, GRM–22–2079/80 र GRM–23–2079/80 को लागि १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको । अन्यको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।

४. **दरखास्त दिने स्थान :** गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।

५. **दरखास्त दिने अन्तिम मिति :** मिति २०७९/०५/१५ गते कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुल्ने दिनको कार्यालय समभित्र ।

६. **छनौट किसिम :** प्रचलित कानुन एवं मापदण्ड बमोजिम लिखित परीक्षा एवं अन्तर्वाता ।

७. **दरखास्त दस्तुर जम्मा गर्ने तरिका :** कृषि विकास बैंक, गण्डकी शाखामा रहेको गण्डकी गाउँपालिकाको ग-१-१ आन्तरिक राजस्व खाता नं. 0325801491835140 मा राजस्व जम्मा गरेको भौचर वा राजस्व शाखामा राजस्व बुझाएको नगदी रसिद ।

८. **सेवा सुविधा :** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

९. **करार अवधि :** गण्डकी गाउँपालिका करार कर्मचारी व्यवस्थापन कार्यविधि अनुसार करार सम्झौता बमोजिम हुनेछ ।

१०. दरखास्त फारम गाउँपालिकाबाट वा गाउँपालिकाको वेवसाइट www.gandakimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

११. परीक्षा मिति पछि प्रकाशन गरिनेछ ।

१२. **विज्ञापन नं.** GRM–2–2079/80 देखि GRM–15–2079/80 को लिखित परिक्षा लोकसेवा आयोगले स्वीकृत गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

**नोट :** थप जानकारीको लागि ९८५६०१०९७६ वा ९८६३४४७१९८ मा सम्पर्क गर्न सकिने छ ।

***प्रमुख प्रशासकीय अधिकृत***



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङ**

**कार्यक्रम सञ्चालनको लागि आवेदन प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशन मिति २०७९/५/१ गते

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङको चालु आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न इच्छुक मुस्ताङ जिल्लाभित्रका पशुपालक कृषक, समुह तथा सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७९ साल भाद्र ३० गतेसम्म) भित्र तोकिएको ढाँचामा कार्यक्रमको प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | कार्यक्रमको किसिम | अधिकतम अनुदान सहयोग रु. हजारमा | कार्यक्रम संख्या | वजेट रु. हजार मा | आवाश्यक पूर्वाधार तथा शर्तहरु |
|---|---|---|---|---|---|
| १ | साना व्यवसायिक फार्म स्थापना तथा विस्तार | २०० प्रति फार्म | १५ | ३००० | बाखा/भेडा बंगुर कुखरा गाई/भैसीं च्यांग्रा फार्म निर्माण कृषक |
| २ | उत्पादनमा आधारित उत्पादन सहयोग दुधमा | २५० | १ पटक | २५० | दुग्ध उत्पादक सहकारी हुन पर्ने । |
| ३ | फार्म यान्त्रीकिकरण कार्यक्रम | ७५ प्रतिशत अनुदान | १ पटक | ५०० | क्रिम सेपरेटर वा च्यापकटर वा ग्रेण्डिङ/मिक्चर मेशिन । |
| ४ | घुम्ति गोठका भेडा/बाखा विश्राम स्थल/खोर निर्माण | ३ लाख प्रति गोठ /खोर/ विश्रामस्थल | ३ | ९०० | भेडाबाखा/च्यांग्रा पालनमा आवद्ध कृषक समूह वा समिति |
| ५ | लुलु गाई संरक्षणको लागि गोठ निर्माण | ३ लाख प्रति गोठ | ३ | ९०० | लुलु गाई पालन कृषक |
| ६ | समुदायस्तरमा चौरी विकास कार्यक्रम | १० लाख | १ | १००० | चौरी पालन समूह |
| ७ | समुदायस्तरमा च्यांग्रा विकास कार्यक्रम | १०लाख | १ | १००० | च्यांग्रा पालन समूह |
| ८ | पशु आहारा ढुवानी अनुदान (पशुपन्छी विकास कार्यक्रम) | २५० प्रति पटक ढुवानी | २ | ५०० | साइलेज, मकै र टि.एम.आर ढुवानी |
| ९ | कृषि (पशुपालन) ऋणमा ब्याज अनुदान कार्यक्रम | १५० प्रती पटक | ३ | ४५० | ऋण लिएका कागजातहरु |
| १० | याक चौरीका बाच्छा/बाच्छी संरक्षणका लागि तारबार सहितको विश्रामस्थल निर्माण | रु १ लाख प्रति विश्रामस्थल | १० | १००० | याक चौरीका बाच्छा/बाच्छी पालन समिति वा समूह |

**आवश्यक काजजातहरु**

१ रु.१० को टिकट सहित निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव ।
२ सोहि प्रकृतिको कार्यक्रमका लागि अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।
३ कार्यक्रममा दोहोरोपना नभएको तथा नहुने व्यहोराको सम्बन्धित स्थानिय तहको सिफारिस ।
४ कृषक समुह, सहकारी र साझेदारिको हकमा कार्य समितिको निर्णय प्रतिलिपि, संघ संस्था दर्ता नवीकरण प्रमाण पत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र, अडिट रिपोर्टको प्रतिलिपि ।
५ व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी, फार्म दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी, PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र ।

**पुनश्चः** कार्यक्रमहरु गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधी, २०७७ र भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय गण्डकी प्रदेशबाट स्वीकृत भएका मापदण्डहरु अनुसार कार्यान्वयन हुनेछन् ।

*अन्य जानकारी चाहिएमा यस केन्द्रको ०६९-४४०१२१ वा सूचना अधिकारीको मोवाइल नं. ९८५७६५११२१ मा सम्पर्क राख्न सकिने छ ।*

**दण्डपाणी शर्मा**
पशु विकास अधिकृत


**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com